# चैतन्य बहुमुखी क्याम्पस, बनेपा

## **विद्यार्थी आचार सहिंता तथा विविध जानकारी**

१.अनुशासन

- तोकिएको क्याम्पस पोशाकमा नियमित उपस्थित हुने । पुरा समय ए अन्तिम पिरिएद सम्म कक्षामा रहने ।
- साथी भाइ शिक्षक बीच मिजासिलो व्यवहार गर्ने ।
- आइडी कार्ड झुन्यौने/ साथमा हुनु पर्ने । हराएमा नियमानुसार अर्को कार्ड लिने । कसैको आइडी कार्ड भेटेमा प्रसाशनमा बुझाई दिने ।
- भद्दा र भड्किला पोशाक लगाएर क्याम्पस हातामा प्रवेश नगर्ने ।
- कपाल ठिक्कको हुनु पर्ने छ, अन्यथा क्याम्पसले बार्बर बोलाइ काट्न लगाउने छ । सोको जरिवाना सहित भुक्त्तनी गराउने छ ।
- दैनिक शिक्षण तालिका र बिषय शिकखारुको जानकारी राख्नु पर्नेछ ।
- डेस्क बेन्चमा जथाभाबी नाकुल्चाने, फोहर नगर्ने । क्याम्पसको चल-अचल सम्पति हानी नोक्सान नगर्ने । गरेको पाइएमा क्षतिपूर्ति तिर्नु पनेछ ।
- बिजुलीबत्ति र तार जथाभाबी नबाल्ने,नचलाउने,नबिगार्ने र बिगारेको थाहा भएमा तुरन्तप्रशासनमा जानकारी दिने ।
- फोहर डस्तबिनमा मात्र राख्ने ।
- हरेकको निगरानी सी सी क्यामराले गरि राखेको हुन्छ, आवस्यक पर्दा सी सी क्यामराको रेकर्ड हेरेर निगरानी गर्ने हुन्छ ।
- क्याम्पसमा अनावश्यक साथी भाइ प्रबेस नगराउने ल्याईएमा प्रबेस निषेध गरिने छ ।
- प्राध्यापकहरुको आज्ञा पालन गरि आदरपुर्बक व्यवहार गर्नु हरेक बिद्यार्थीको दायित्व हुने छ ।
- क्याम्पस प्रसाशनको स्वीकृति बेगर क्याम्पस भित्र कुनै सभा, सम्मेलन गर्न पाइने छैन ।

- क्याम्पस हाता भित्र बा बाहिर हातहतियार लिइ प्राध्यापक, कर्मचारी वा विद्यार्थीलाई शारिरिक वा मानसिक तनाब दिने प्रयास गरेमा,दिएमा क्याम्पसबाट निष्काशन गरिने छ र अन्य कारबाहीको भागीदार हुने छ ।
- क्याम्पसले बौदिक तथा शारिरिक बिक सकोलागी आयोजना गरिने अतिरिक्त्त कार्यक्रमहरुमा सक्रिय सहभागी हुनु विद्यार्थीहरुको दायित्व हुने छ ।
- खाली पिरिएद्को सदुपयोग गरि पुस्तकालय प्रयोग गर्ने ।
- कुनै बिषय शिक्षकको कक्षा बिना जानकारी खाली हुन ग एमा प्रसाशनमा जानकारी लिन दिन सकिने छ ।
- कुनै किसिमको हिंसा जन्य कार्य भएमा वा भएको देखिएमा कसैले पनि कक्षाको फोकल पर्सन, प्रसाशन समक्ष लिखि त वा मौखिक जानकारी दिनु पर्दछ । जानकारी दिनेको पहिचान सार्बजनिक नगरी आवाश्येक कारबाही गरिने छ ।
- ब्यबस्थापन र शिक्षा समुहको फोकल पर्सन उप प्रा. निशा देबी मानन्धर र उप प्रा. समानता मणि भण्डारी ज्यु तोकिएको हुदा कुनै समस्याहरु ति कक्षामा आइपरे उहाहरु लाइ सम्पर्क गर्नु पर्दछ ।
- क्याम्पसको भएको शिक्षण सिकाई, कक्षा अबरुद, अनियमितता सुधारको लागि, कुनै किसिमको गुनासो गर्नु छ भने सम्बन्धित पक्ष संग गुनासा गर्नुको अतिरिक्त गुनासो पेटिका पनि प्रयोग गर्न सकिने छ ।

२. उपस्थिति, सक्रियता र दायित्व

- नियमित/ अधिकतम उपस्थिति हुने ।
- शिक्षण सिकाई, परिक्षमा सक्रिय सहभागी हुने ।
- आन्तारिकपरिक्षामा अनिबार्य सहभागी हुने ।
- प्रत्येक बिषयमा आन्तरिक मुल्यांकन हुने भयकोले औपचारीक अनौपचारिक मुल्यांकन हुने भएकोले बिषय शिक्षकको निदेशन बमोजिम पठनपाठनमा सरिक हुने ।

- पुस्तकालयबाट उपलब्ध गराईने पुस्तक जथाभाबी दुरुपयोग नगर्ने, अरुलाई पुस्तक नदिने समय- समयमा नबिकरण गर्ने । फाइन पर्ने गरि नबस्ने । लिएको पुस्तक नबिगार्ने र बिगरेमा जरिमाना हुने छ ।
- लेखा शाखामा शुल्क भुक्त्तनी गर्दा अनिबार्य रसिद लिने । रसिद सुरक्षित राख्ने ।
- रजिष्ट्रेसन् फारम / परिक्षा फारम भर्न, परिक्षा प्रबेस पत्र लिने, मार्क-सिट लिने कार्य सोयम उपस्थिति भइ समयमै हुनु पर्ने छ।समयमै नभय सोयम जिबेवारी हुने छ ।
- परिक्षा प्रबेस पत्र लिन, मार्क-सिट लिन आर्थिक बक्यौता चुक्ता हुनु पर्ने छ ।
- परीक्षा रुटिन बारे आफै तालिका हेर्ने र नबुझेमा परीक्षा शाखामा प्रत्येक्ष आफैले जानकारी लिने ।
- सिकाई राम्रो गर्न बिषय शिक्षक संग सौहार्दता कायम गर्ने ,शिक्षक र साथीहरु बीच सकारात्मक अन्तरक्रिया गर्ननहिच्कीच्चाउने ।
- आफुले बुझेको बिषयबस्तु साथीहरुले जिज्ञासा राखेमा जतिबेला पनि सहपथिहरुलाई बुझाउने ।
- क्याम्पसले व्यक्ति/व्यक्ति लाई सूचना दिन कठिन र प्राय सम्भब नहुने भएकोले लिखित सूचना प्रबाह गरिने छ । उत्त सूचना Exam CMC को Facebook pageमा पनि सम्प्रेषण गरिने छ । त्यसैले सुचनाको लागि उत्त पेज जोइन गर्न नभुल्नु होला ।

३.अन्य

- क्याम्पसलाई हानी नोकानी हुने गरि क्याम्पसको हित बिपरित अनुचित कार्य गर्न/ गराउन पाइने छैन ।
- कुनै भाषा धर्म,र सम्प्रदाय बीच सद्भावमा खलल पर्ने कुनै पनि कार्य गर्न पाइने छैन । गरे,गरिएकोपाइएमा पहिलो पटक मौखिक चेतावनी र दोश्रो पटक लिखित नसियत दिइने छ । त्यस पछि पनि नसुधारेमा प्रहरी कारबाहीको सिफारिस गरिने छ ।

- अपराध वा नोकसनी अनुसार जरिवाना र क्षतिपूर्ति भराई क्याम्पसबाट निष्काशन गरिने छ ।
- भौतिक सम्पति मेच, टेबुल बिजुलीका सामान मेसिन, प्रयोगशाला सामान, खेलकुद सामग्री,सी सी क्यामरा क्षति गरेमा निजबाट उक्तत सम्पतिको बजार भाउ अनुसार जरिवाना सहित क्षतिपूर्ति गरि क्याम्पसबाट पाउने सुबिधा र चारित्रिक प्रमाण पत्र र अन्य सिफारिस रोक्का गरिने छ ।

पठन-पाठन परीक्षा प्रणाली( आन्तरिक तथा प्रि- बोर्ड र प्रयोगत्मत परिक्षा)

- पठेक्रम अनुसार नियमित आन्तरिक परीक्षा हुने छ ।
- रुटिन प्रकाशन गरि सामान्यतया दुइ पटक अन्तरिक र प्रि बोर्ड परीक्षा हुने छ ।
- २५ अंक प्रयोगात्मक प्रत्येक बिषयमा बिषय शिक्षकले अवास्यकताको आधारमा लिखित तथा मौखिक परीक्षा लिनेछ ।